वेस्टरभिल सिटी स्कूल्स
खरीद तथा लोजिस्टिक्स विभाग
Kari Dennis, म्यानेजर
खाद्य सेवा तथा खरीद
Lonnie Robinson, सेक्रेटरी
614/797-5993 कार्यालय; 614/797-5951 फ्याक्स
www.wcsoh.org

## हराएको/बिर्सिएको स्कूल ब्रेकफास्ट/लन्चको पैसा

वेस्टरभिल सिटी स्कुलसले यो कुरा बुझेको छ कि विद्यार्थीले कहिलेकाहीं पैसा ल्याउन भुल्न सक्छन् वा हराउन सक्छन् तथा/वा विद्यार्थीको व्यक्तिगत ब्रेकफास्ट/लन्च एकाउन्टमा रकम शून्य भएको अवस्थाको सामना गर्नुपर्ने हुनसक्छ । खरीद तथा लोजिस्टिक्स कार्यालय विद्यार्थीहरूलाई विद्यालयमा पौष्टिक ब्रेकफास्ट तथा /वा लन्च खान अवसर प्रदान गरिन्छ भनेर सुनिश्चित गर्नको लागि समर्पित छ - किनकि स्वस्थ आहार तथा शैक्षिक सफलताको बीचमा पारस्परिक सम्बन्ध रहेको छ । यस बाहेक, खाद्य सेवा आर्थिक दृष्टिले जिम्मेवार तरीकामा आफ्नो कार्य गर्न जारी राख्नेछ । WCS खाद्य सेवा (WCS Food Service) का कार्यहरू सञ्चालनको लागि आर्थिक व्यवस्था स्वयं गर्छ । **यस दिशानिर्देशनमा थप जानकारीका लागि कृपया Food Service Department (खाद्य सेवा विभाग) अन्तर्गत डिस्ट्रिक वेबसाइटमा राखिएको Administrative Guidelines (प्रशासनिक दिशानिर्देशन) हेर्नुहोस् ।**

## अनलाइन डेबिट/क्रेडिट कार्ड भुक्तानी प्रणाली

SPS EZPay सुरक्षित तथा सहज वेबसाइट एप्लीकेशन हो जसबाट विद्यार्थीको आमाबुबाले कुनै पनि भिसा वा मास्टरकार्ड (डेबिट भिसा तथा मास्टरकार्ड सहित) प्रयोग गरेर इन्टरनेटबाट आफ्नो बच्चाको भोजन खातामा रकम थप्न, विद्यालय, कक्षा तथा क्रियाकलापहरूमा लागेका शुल्कहरू र प्रि-स्कुल तथा पूरा-दिन किन्डरगार्टेनको शिक्षण शुल्कहरू भुक्तानी गर्न सक्छन् । ***कृपया यो कुरा ध्यानमा राख्नुहोस् कि खाद्य सेवाले हाम्रो कार्यालय वा विद्यालयहरूमा क्रेडिट कार्डबाट भुक्तानीहरू लिन सक्दैन,' यो सेवा इन्टरनेटमा मात्र उपलब्ध छ । EZPay को प्रयोग ऐच्छिक हो,' हामी शुल्कहरूको भुक्तानी वा भोजन एकाउन्टहरूमा रकम डिपोजिट गर्नको लागि नगद वा चेक मार्फत गरिने भुक्तानी स्वीकार गर्न जारी राख्नेछौं ।***

सबै अनलाइन ट्रान्जेक्सनहरूमा ट्रान्जेक्सन शुल्क लगाइनेछ । यो शुल्क वर्षैपिच्छे फरक-फरक हुनसक्छ । **तपाईंले "एउटै" ट्रान्जेक्सनमा धेरै विद्यार्थी एकाउन्टहरूमा रकम डिपोजिट गर्न र शुल्कहरूको भुक्तानी गर्न सक्नुहुन्छ ।** EZPay **वेबसाइट प्रयोगको बारेमा थप विस्तृत निर्देशनहरू डिस्ट्रिक वेबसाइटमा खाद्य सेवा विभाग** (Food Services Department) **को जानकारी खण्डमा प्राप्त गर्न सकिन्छ वा तपाईं** www.spsezpay.com/westerville हेर्न सक्नुहुन्छ ।

यदी तपाईं हाल EZPay प्रयोगकर्ता हुनुहुन्छ भने कृपया ध्यान दिनुहोस् कि थप मोबाइल उपकरण प्रयोगकर्ताहरूलाई पनि समावेश गर्न EZPay केही परिवर्तनहरू गर्दैं छ ।

तपाईंको हालको लग-इन स्क्रिन यस्तो देखिन्छ ।




तपाईंको नयाँ लग-इन स्क्रिन यस्तो देखिन्छ...




**बायोम्याट्रिक फिंगर स्क्यानिङ:** खाद्य सेवाले बायोम्याट्रिक फिंगर स्क्यानिङ सफ्टवेयर लागू गरेछ जसबाट हामीलाई आशा छ कि विद्यार्थी ID को जालसाजीलाई हटाउनुका साथसाथै छिटो सेवा दिने गतिलाई बढाउनेछ । बिदाबाट फर्कदै गरेका विद्यार्थीहरूले विद्यालयमा फर्किएपछि वा विद्यालय लागेको शुरुका हप्ताहरूमा आफ्नो एकाउन्टहरू बनाउन सक्नेछन् ।

**खाद्य एलर्जीहरू:** के तपाईंको बच्चालाई कुनै पनि खाने कुराको एलर्जी छ ? कृपया डिस्ट्रिक वेबसाइटमा गएर खाद्य सेवा विभागको लिंकहरूमा जानुहोस् जहाँ तपाईंले महत्वपूर्ण जानकारी प्राप्त गर्नुहुनेछ जुन क्याफटेरियामा खानेकुराको विकल्पको व्यावस्था गर्नको निम्ति आवश्यक हुन्छ ।

**छुट-पत्र:** तपाईंको लन्चको स्थिति सुरक्षित र सबै विद्यालय अधिकारीहरूद्वारा मान्यता प्राप्त छ भनेर सुनिश्चित गर्न पावर स्कूलबाट पहुँच राख्न सकिने र विद्यालयलाई बुझाउन पर्ने फारमहरू मध्ये एउटा रहेको अनलाइन छुट-पत्रमा आवश्यक जानकारी भरिएको छ भनेर निश्चित गर्नुहोस् । सबै विद्यार्थीहरूले यो पावर स्कूल फारम भर्नुपर्छ । छुट-पत्रको हार्ड-कपी फुड सर्विस (खाद्य सेवा) को वेबसाइटबाट प्राप्त गर्न सकिन्छ ।

*खाद्य सेवाबाट थप महत्वपूर्ण जानकारीको लागि अर्को पट्टि हेर्नुहोस् !*




# तपाईंले अहिले नै आवेदन दिन सक्नुहुन्छ !

## भीडभाड तथा ढिलो हुनबाट बच्नुहोस् !

वेस्टरभिल सिटी स्कुलस आफ्नो तेस्रो वर्षमा छ जहाँ परिवारहरूले आफ्नो बच्चाहरूले नि:शुल्क वा मूल्य घटाइएको भोजन प्राप्त गर्नको लागि अनलाइन आवेदन दिन सक्छन् । तपाईंको आवेदनलाई सुरक्षित वेबसाइटबाट सिधै वेस्टरभिल सिटी स्कुलसमा पठाइनेछ । तपाईंको व्यक्तिगत जानकारी गोपनीय तथा सुरक्षित राखिन्छ । www.LunchApplication.com लाई तपाईंलाई यस प्रक्रिया मार्फत अगाडि बढ्न ठ्याक्कै के-के जानकारी चाहिन्छ थाहा होस् भनी यसरी डिजाइन गरिएको छ । तपाईंको आवेदन प्राप्त भइसकेपश्चात डिस्ट्रिक कार्यालयले तपाईंको योग्यताको निर्धारण गर्नेछ र नतिजाहरूका साथ तपाईंलाई पत्र पठाउनेछ । www.LunchApplication.com नि:शुल्क वा मूल्य घटाइएको भोजन प्राप्त गर्ने सरल, सुरक्षित तथा सहज तरिका हो । ***कृपया यो कुरा ध्यानमा राख्नुहोस् कि यदि तपाईंले खाद्य सेवाबाट सिधैं प्रमाणीकरणको सम्बन्धन प्राप्त गर्नुभएमा तपाईंले आवेदन बुझाउनु पर्दैन किनकि तपाईंलाई पहिला नै स्वीकृत गरिएको छ । यी सूचनाहरू जुलाई 24 तथा जुलाई 28 को बीचमा युएस मेल (अमेरिकी हुलाक) मार्फत घर-घरमा जान शुरू हुनेछन् ।***

**आवेदन गर्न**: www.LunchApplication.com मा जानुहोस् र APPLY NOW **मा क्लिक गर्नुहोस् र त्यसपछि सबै निर्देशनहरूको पालना गर्नुहोस् ।** ***तपाईंसँग आवेदनमा हरेक बच्चाको लागि 6-अङ्कको विद्यार्थी ID नम्बर हुनुपर्छ ।*** कागजी आवेदनपत्रहरू तपाईंको बच्चाको विद्यालय, 125 E. Walnut Street (Transportation & Logistics Building) मा अवस्थित Food Service (फुड सर्विस) को कार्यालय, फुड सर्विसको वेबसाइट वा 300 Polaris Parkway, Suite 3200 मा अवस्थित Westerville Enrollment Center (वेस्टरभिल भर्ना केन्द्र) मा पनि उपलब्ध छन् । तपाईंले आवेदनपत्रलाई डिस्ट्रिक्टको वेबसाइटबाट पनि प्राप्त गर्न सक्नुहुन्छ ।

**भोजन मूल्य-निर्धारण:**

| | | | |
|---|---|---|---|
| इलिमेन्ट्री: | घोषणा हुन बाँकी लन्च | $1.25 ब्रेकफास्ट | मूल्य घटाइएको भोजन: $0.40/लन्च |
| मिडल/हाई: | घोषणा हुन बाँकी लन्च | $1.50 ब्रेकफास्ट | मूल्य घटाइएको भोजन: $0.40/लन्च |

# **आफ्नो दिनको शुरुवात** सही तरिकामा **स्कूल ब्रेकफास्ट**का साथ सुरु गर्नुहोस् !

स्कूल ब्रेकफास्टले तपाईंलाई **थप** उर्जा दिन्छ, तपाईंको शरीरलाई स्वस्थ राख्छ र तपाईंलाई आफ्नो शैक्षिक स्तर सुधार गर्न मद्दत गर्छ ! वेस्टरभिल सिटी स्कूल्सले दैनिक रूपमा ब्रेकफास्ट उपलब्ध गराउँछ ।



***ब्रेकफास्टको समयहरू निम्न रहेका छन्:***

इलिमेन्ट्री* – बिहान 8:45- 9:05 - $1.25**

मिडल – बिहान 7:35 - 8:00 - $1.50**

हाई – बिहान 7:00 - 7:25 - $1.50**



*National School Breakfast and Lunch Program* ***(राष्ट्रिय ब्रेकफास्ट तथा लन्च कार्यक्रम) को प्रायोजकको रूपमा वेस्टरभिल सिटी स्कूल्सले यो कार्यक्रम सञ्चालन गर्दा USDA नियमहरू पालना गर्नुपर्छ । USDA समान अवसर प्रदायक तथा रोजगार संस्था हो ।***

**इलिमेन्ट्रीको समयहरू एक विद्यालयबाट अर्को विद्यालयमा 5 मिनेटसम्मको फरक हुनसक्छ । कृपया ठीक समयको लागि आफ्नो बच्चाको विद्यालयमा बुझ्नुहोस् ।*

*** National School Lunch Program (राष्ट्रिय विद्यालय लन्च कार्यक्रम) को USDA योग्यता दिशानिर्देशन अन्तर्गत योग्य हुने विद्यार्थीहरूको लागि कुनै शुल्क लाग्दैन ।*

***खाद्य सेवाबाट थप महत्वपूर्ण जानकारीको लागि अर्को पट्टि हेर्नुहोस् !***